**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक १६४ ♦ २०८० साल फागुन २३ गते बुधवार ♦ 6 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# मधेसको मुख्यमन्त्रीमा गठबन्धनका तीन दलको दाबी, कांग्रेससँग मिलेर सरकार बनाउने जनमतको 'धम्की'

**अजय कुमार साह**

**फागुन २२ गते, महेन्द्रनगर**

सङ्घमा सत्ता समीकरण फेरि एसँगै त्यसको असर मधेस प्रदेशमा प्रत्यक्षरूपमा देखिन थालेको छ । यसपछि जनता समाजवादी पार्टी (जसपा) नेतृत्वको सरकार के हुने भन्ने चासो देखिएको छ ।

सङ्घीय सत्ता गठबन्धनबाट नेपाली कांग्रेस बाहिरिएपछि मधेसमा पनि नयाँ शिराबाट सर कार गठन गर्ने तयारी थालिएको छ । नेकपा (माओवादी केन्द्र) का अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले डा. सीके राउत नेतृत्वको जनमत पार्टीलाई पनि समावेश गर्ने प्रयास गरिरहेका छन् । जनमतले सङ्घीय गठबन्धनमा सामेल हुन मधेस प्रदेशको मुख्यमन्त्रीको सर्त र ाखेको छ ।

१०७ सदस्यीय प्रदेश सभामा नेकपा (एमाले)का सभामुखसहित २४, नेपाली कांग्रेसका २२, जसपाका १९, माओवादी केन्द्र र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का ९/९, नेकपा (एकीकृत समाजवादी) का ७, नगरिक उन्मुक्ति पार्टी (नाउपा) का १, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का १, सङ्घीय समाजवादी पार्टी (ससपा) का १ र १ स्वतन्त्र सांसद छन् ।

वर्तमान गठबन्धनको अङ्कगणितअनुसार एमाले, जसपा र माओवादी केन्द्रको ५२ सांसद मात्र पुग्छ । त्यसैले एमाले, जसपा र माओवादीको मात्र सर कार भने बन्दैन । १०७ सदस्यीय प्रदेश सभामा सरकार बन्नका लागि कम्तिमा ५४ सांसद चाहिन्छ ।

यस्तो अवस्थामा जनमतले सहयोग नगरे पनि मधेसमा एमाले (२४), जसपा (१९),



बाँकी पृष्ठ २ मा

# एमाले बाट को को बन्दै छ मन्त्री

**खबर दर्पण समाचारदाता**

**फागुन २२ गते, बर्दिवास**

नेकपा (एमाले) को नेतृत्वमा नयाँ गठबन्धन बनेपछि दलहरू भागबन्डा मिलाउन लागिपरेका छन् । अहिले गठबन्धनमा एमालेसहित नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनता समाजवादी पार्टी (जसपा) छन् ।

यसअघि सोमबार साँझ बसेको गठबन्धनसम्बद्ध दलहरूको बैठकले गठबन्धनमा मिसिने दलहरूको सङ्ख्या 'फिक्स' गरेर मात्रै भागबन्डा टुङ्ग्याउने सहमति गरेका छन् । गठबन्धनमा नेकपा (एकीकृत समाजवादी), जनमत पार्टीलगायतका दलहरूलाई मिसाउने तयारी भइरहेको छ । यसअघि सोमबार नै एमालेका पदम गिरी, माओवादी केन्द्रका हितबहादुर तामाङ र रास्वपाका डोलप्रसाद अर्यालले बिनाविभागीय मन्त्रीका रूपमा शपथ ग्रहण गरिसकेका छन् । भागबन्डा टुङ्गिएपछि उनीहरूले मन्त्रालय पाउनेछन् ।

यसैबीच एमालेले भने आफूले पाउने मन्त्रालयहरूमा यसअघिकै मन्त्रीहरू पठाउने तयारी गरेको छ । यसअघि २०७९ पुस १० गते पुष्पकमल दाहाल 'प्रचण्ड' कै नेतृत्वमा बनेको सरकारमा सहभागी भएका उनीहरूलाई पुनः पठाउने तयारी भएको एमालेका एक नेताले बताए ।



अध्यक्ष केपी शर्मा ओलीले आफूनिकटका नेताहरूलाई यस्तो ब्रिफिङ्ग गरेको ती नेता सुनाउँछन् । यसअघि विष्णुप्रसाद पौडेल र विमला राई पौड्यालबाहेकका मन्त्रीहरू ३२ दिनमात्रै पदमा रहेका थिए । त्यसपछि प्रधानमन्त्री प्रचण्ड गठबन्धन परिवर्तन गर्दा उनीहरूको पद खुस्किएको थियो ।

यसअघिको सरकारमा विष्णुप्रसाद पौडेल (अर्थ), विमला राई पौड्याल (परराष्ट्र), ज्वालाकुमारी साह (कृषि), हरि उप्रेती (रक्षा), पदम गिरी

बाँकी पृष्ठ २ मा

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी



- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,

- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प



- फलेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

## मधेसको मुख्यमन्त्री.....

माओवादी (९), नाउपा (एक) र एक स्वतन्त्र (रिजवाल अन्सारी) नेतृत्वको नेपाल सङ्घीय समाजवादी पार्टीका एक सांसदको सहयोगमा सरकार बन्नसक्छ ।

त्यसैगरी कांग्रेस (२३),जनमत (१३), लोसपा (९) र एकीकृत समाजवादी (६) लाई पनि दुई मत कम हुन्छ ।अर्थात् जनमत, लोसपा र एकीकृत समाजवादीमध्ये कुनै दल नयाँ सत्ता गठबन्धनमा सहभागी नभएमा कांग्रेसले पनि सरकार गठन गर्नसक्ने सम्भावना देखिन्छ ।

यही अङ्कगणितको फाइदा उठाउँदै जनमतले सङ्घीय सरकारमा सहभागी हुन मधेसको मुख्यमन्त्रीको सर्त राखेको हो । जनमतका उपाध्यक्ष वसन्त कुशवाहा वर्तमान सरकारमा सहभागी हुन नसकिने बताउँछन् ।

त्यसो त जनमतले एक महिनाअघि मात्रै मधेस सरकार त्यागेको थियो । "हामीलाई सरकारको नेतृत्व नदिए कांग्रेससँग मिलेर सरकार गठनको प्रयास गरिनेछ," उनले भने ।

अर्कोतिर केन्द्रमा एमालेसहितका गठबन्धनमा जसपासमेत रहेकाले तत्कालै मधेस सरकारको नेतृत्व परिवर्तन नहुने आकलन गरिन्छ। अन्य प्रदेशको तुलनामा जसपाको बलियो उपस्थिति मधेसमा छ । यसकारण केन्द्रको अवस्था जे-जसो भएपनि जसपा मधेस सरकार नछाड्ने पक्षमा छ । केन्द्रमा समीकरण फेरिए पनि मधेसमा जसपाको नेतृत्व यथावत् रहने जिकिर गर्छन् जसपा प्रदेश सांसद सरोज कुशवाहा। उनले भने, "मधेसमा यही सरकारले निरन्तरता पाउँछ ।"

तर, मधेस सरकार यथावत् रहने वा नेतृत्व परिवर्तन हुने; यो भने हेर्न बाँकी नै छ ।

आलोपालो सरकारको नेतृत्व हुने विषयमा सङ्घीय गठबन्धनले टुङ्गो लगाएपछि मात्र केही भन्ने माओवादी केन्द्र मधेस प्रदेश संसदीय दलका नेता भरतप्रसाद साह बताउँछन्। उनका अनुसार आलोपालो नेतृत्व गर्ने सहमति गठबन्धनमा हुने सम्भावना छ। यद्यपि केन्द्रमा लोसपा र एकीकृत समाजवादी गठबन्धनमा नरहेकाले यी दुईमध्ये एक दल अथवा अन्य एक/एक सिट भएका दल वा स्वतन्त्र सांसदहरूलाई जोड्न सके मात्र बहुमत सरकार कायम राख्न सकिने देखिन्छ ।

# विश्वभर फेसबुकमा देखियो समस्या, एकाएक प्रोफाइल लगआउट




फेसबुक, मेसेन्जर र इन्स्टाग्राम विश्वभर समस्या आएको छ । मेटाका प्लेटफर्महरू डाउन भएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुले जनाएका छन् ।

अहिले फेसबुक, मेसेन्जर र इन्टाग्राम लगइन भइरहेको छैन ।

फेसबुक, मेसेन्जर र इन्स्टाग्राम बन्द हुँदा लाखौं प्रयोगकर्ताहरू मेटाका सामाजिक सञ्जालको पहुँच बाहिर पुगेका छन् । मिडिया प्लेटफर्महरू पहुँच गर्न असमर्थ छन्।

फेसबुक भित्रको एक स्रोतले उद्त गर्दै डेली मेलले लेखेको छ कम्पनीको आन्तरिक प्रणालीहरू पनि डाउन थिए, जसले मंगलबार यस्तो खराबी आउनसक्ने सम्भावना थिए ।

प्रयोगकर्ताहरुले एकाएक फेसबुक लगआउट भएको र त्यसपछि लगइन हुन नसकेको गुनासो गरिरहेका छन् । फेसबुकसहित मेटा द्वारा सञ्चालित इन्टाग्राम र थ्रेडमा समेत समस्या देखिएको छ । यस्तो समस्या देखिइएको विश्वभरका प्रयोगकर्ताहरुले बताइरहेका छन् । यससम्बन्धी एक्ससहितका सामाजिक सञ्जालमा चर्चा भइरहेको देख्न सकिन्छ । तर, के भएको हो भन्नेबारे फेसबुकले केही बताइसकेको छैन ।

मंगलबार साँझ ९ बजेपछि फेसबुक लगइनमा समस्या देखिएको र १० बजे पछि बल्ल चल्न थालेको हो ।

## एमाले बाट को को ....

(स्वास्थ्य), राजेन्द्र राई (भूमि व्यवस्था), भगवती चौधरी (महिला तथा बालबालिका) र दामोदर भण्डारी (उद्योग) मन्त्री थिए ।

त्यसबेला परराष्ट्र मन्त्रालयको जिम्मेवारी सम्हालेकी विमला राई पौड्यालले भने आफ्नो ६ वर्षे राष्ट्रियसभा कार्यकाल टुङ्ग्याएर बिदा भइसकेकी छन्। उनको साटोमा महिलालाई नै अघि बढाउने तयारी भएको नेताहरूले बताएका छन् ।

यस्तै यसअघि अर्थमन्त्री बनेका विष्णुप्रसाद पौडेल पनि सरकार मा जाने छैनन् । अहिले अर्थ मन्त्रालय माओवादी केन्द्रले लिने लगभग सहमति बनिसकेको छ। त्यसकारण उनी मन्त्री बन्ने छैनन् ।

*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिक को पहिचान हो समयमै कर चुक्ता गरौं ।*

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष**- सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन**- समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -आर्थिक क्षेत्र सबल र हुने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदि प्राप्त हुनेछ ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# लोप हुने खतरामा बर्दिबासको राईमण्डलका गिद्ध

**विशाल बस्नेत**

**फागुन २२ गते, बर्दिवास**



नवलपरासीको कावासोतीबाट ४ किलोमिटर भित्र संचालनमा छ' जटायु रेष्टुरेन्ट । पिठौलीस्थित नमुना मध्यवर्ती सामुदायिक वनमा झन्डै १४ बर्षदेखि सञ्चालनमा रहेको उक्त रेष्टुरेन्टमा गिद्धका लागि आहार जुटाइन्छ ।

जसका कारण एकातिर संसारवाट लोपोन्मुख अवस्थामा रहेको यो पक्षीको संरक्षण भएको छ भने अर्कातिर महत्वपूर्ण पर्यटन केन्द्रको रुपमा विकास हुँदा स्थानीयको आयआर्जनमा समेत वृद्धि भएको छ ।

तर महोत्तरीको उत्तरी क्षेत्र राईमण्डल डाडामा ठुलो संख्यामा बस्दै आएका गिद्ध भने संरक्षणको अभावमा लोप हुने अवस्थामा पुगेका छन् ।

बर्दिवास नगरपालिकाको उपल्लो क्षेत्र राईमण्डल डाँडामा प्राकृतिक बासस्थान बनाएका हजारौं गिद्धहरु आहाराको खोजीमा छन् भने जंगल क्षेत्रमा ङ्ग+ याकिएका विषाक्त मृत जनावरहरु खाएर मर्ने क्रमसमेत बढेको स्थानीयहरू बताउँछन् ।

राईमण्डल डाँडाको सेतो भिरमा अहिलेपनि जुनसुकै समयमा सयौ गिद्धहरु देख्न सकिन्छ अझ विहानको समयमा त आकाशभरी हजारौं गिद्धहरु देख्न सकिने स्थानीय बासिन्दा बल बहादुरको भनाइ छ ।

' ३ प्रकारका गिद्धहरु आकाशमा बाक्लै देखिन्छन् । विशेषगरी सेतो भिर वरपर नै उनीहरुको बासस्थान छ,' उनले भने । जंगल क्षेत्र सिन्धुली (बर्दिवास सडक खण्डमा कहिलेकाँही मरेको गाईâ € " भैसी ङ्ग+ याक्दा आहारको लागी बाक्लै संख्यामा जम्मा भएतापनि फरक-फरक प्रजातिका गिद्ध भने विस्तारै लोप हुदै गएको स्थानीय बासिन्दाको भनाइ छ ।

'हामी कुन जाति हो भन्ने त चिन्दैनौ तर यहाँ थरिथरिका गिद्ध देख्न सकिन्छ,' स्थानीय विजय पोखरेलले भने, 'यसको उचित संरक्षण भएन भने कुनैपनि गिद्ध हाम्रा पाखामा देख्न नसकिने अवस्था बन्दै गएको छ ।'

अध्यनअनुसार नेपालमा गिद्धका ९ प्रजाति पाइएको छ । यसमध्ये पहाडी भूभागमा ९ वटै प्रजाति, तराईमा ८ र हिमाली क्षेत्रमा ४ प्रजाति भेटिएको छ । राईमण्डलका स्थानीयहरुले वताएअनुसार यही क्षेत्रमा मात्र ४ देखि ५ थरिका गिद्ध देखिन्छन जुन फरक फरक रुपरंगका छन् ।

महोत्तरीका पत्रकार रविन्द्र उप्रेती महोत्तरीको उत्तरी क्षेत्र गिद्धहरुको ठुलो बासस्थान भएको बताउँछन । सरकारले गिद्ध सरक्षणको लागी 'गिद्ध कन्जर्भेसन एक्सन प्लान फर नेपाल' कार्यक्रम लागु गरेपछि यस बिषयमा कलम चलाएको स्मरण गर्दै त्यतिबेलाको संख्या अहिले निक्कै कम भएको पत्रकार उप्रेतीको भनाइ छ ।

पशु उपचारमा डाइक्लोफेनेकको व्यापक प्रयोग हुनु र नासिनु, उचित हेरचाहको अभावमा स्तान्तरण हुनुजस्ता कारणले बर्दिवासको आकाशमा पहिलेजस्तो गिद्धको संख्या कम हुदै गएको उनको अनुभव छ ।

अहिलेको अवस्थामा पनि स्थानीय सरकारले गिद्ध संरक्षण क्षेत्र घोषणा गरेर पर्यटकीय केन्द्रको रुपमा विकास गर्न सकिने कतिपयको सुझाव छ । उद्योग बाणिज्य संघ बर्दिवासका अध्यक्ष बिष्णुवहादुर खडका राईमण्डल आकाशमा देखिने गिद्ध र बासस्थानलाई सुरक्षित गर्न नवलपरासीको जस्तै जटायु रेष्टुरेन्ट खोल्न सकिने आधार देखिएको बताउँछन् ।

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गुन्ज कार्किले गिद्ध हेर्नस्थलगत अनुगमन नै गरेको बताउँदै यो स्थानलाई चर ाचुरुङ्गीहरुसँग जोडेर पर्यापर्यटनको रुपमा विकास गर्न सकिने बताउँछिन् ।

तर यसका लागि स्थानीय सरकारनै अघि बढ्नुर्नेमा उनीहरुको जोड छ ।चरिचरणका लागी स्थानीयहरुले जंगलमा छाडेका पशुचौपायालाई बन्यजन्तुले कहिलेकाँही मार्ने र त्यसैलाई गिद्धले आहार वनाउने हुँदा बासस्थान समेत यतै वनाएको स्थानीय र ाजन मगर बुझाइ छ ।

सरोकारवाला निकायले ध्यान नदिदा गिद्धकै कारण मनोरम बनेको राईमण्डलको अस्तित्व नै समाप्त हुने त हैन भन्ने स्थानीयहरुमा चिन्ता थपिएको छ ।

उद्योग बाणिज्य संघ बर्दिवासको टोलीले यस क्षेत्रमा भएका सम्भावनाहरुलाई लिएर संघीय मन्त्रालयमा डेलिगेसन नै गएको थियो । गिद्धलगायत राइमण्डलको पर्यटकीय सम्भावनाहरुको सम्भाव्यता अध्ययन गर्न मन्त्रालयवाट केहीदिन भित्रै विज्ञ टोली पठाउने आश्वासन पाएपनि मूर्तरुप पाइनसकेको संघका अध्यक्ष खड्काले जानकारी दिए ।

अहिले पछिल्लो समय पशुचौपायाको उपचारमा प्रयोग हुदै आएको एसिक्लोफेनेक, किटोप्रोफेन, निम्सुलाइड औषधि प्रचलनमा प्रचलनमा देखिएका छन्न् । यी औषधि पनि गिद्धका निम्ति हानिकारक भएको विज्ञहरु बताउछन् ।

दादुरा-रूबेला खोप अभियान

२०८० फाल्गुन १३ देखि चैत्र ७ गते सम्म

पूर्ण खोप, सुरक्षित भविष्य




दादुरा, रूबेला अतिनै संक्रामक र प्राणघातक रोगहरू हुन् । यसबाट बालबालिकाको मृत्यु समेत हुन सक्छ । त्यसैले आफ्ना बालबालिकालाई दादुरा-रूबेला खोप लगाएर यी रोगहरू लाग्नबाट बचाऔं ।

यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालाई छुट नियमित खोप पनि दिइदैछ । त्यसैले नियमित खोप छुटेको भए खोप केन्द्रमा जाँदा नियमित खोप कार्ड पनि लिएर जानु होला ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

आफ्नो गाउँ-टोलमा सञ्चालन हुने खोप केन्द्रको नाम, सञ्चालन हुने मिति र उमेर समूहबारे थाहा पाउन महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा नजिकैको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गर्नुहोस् । खोप अभियान सम्बन्धि थप जानकारीका लागि पैसा नलाग्ने नं ११११५ मा सम्पर्क गर्नुहोला ।

मठिहानी नगरपालिका, महोत्तरी

दादुरा-रूबेला खोप अभियान

२०८० फाल्गुन १३ देखि चैत्र ७ गते सम्म

पूर्ण खोप, सुरक्षित भविष्य




दादुरा, रूबेला अतिनै संक्रामक र प्राणघातक रोगहरू हुन् । यसबाट बालबालिकाको मृत्यु समेत हुन सक्छ । त्यसैले आफ्ना बालबालिकालाई दादुरा-रूबेला खोप लगाएर यी रोगहरू लाग्नबाट बचाऔं ।

यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालाई छुट नियमित खोप पनि दिइदैछ । त्यसैले नियमित खोप छुटेको भए खोप केन्द्रमा जाँदा नियमित खोप कार्ड पनि लिएर जानु होला ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

आफ्नो गाउँ-टोलमा सञ्चालन हुने खोप केन्द्रको नाम, सञ्चालन हुने मिति र उमेर समूहबारे थाहा पाउन महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा नजिकैको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गर्नुहोस् । खोप अभियान सम्बन्धि थप जानकारीका लागि पैसा नलाग्ने नं ११११५ मा सम्पर्क गर्नुहोला ।

स्वास्थ्य कार्यालय, महोत्तरी
जलेश्वर

# बेरोजगारी समस्या हल गर्न बिकास निर्माणका कामसंग श्रमिकलाई जोडदै लगिने : मेयर क्षेत्री

**खबर दर्पण समाचारदाता**

**फागुन २२ गते, बर्दिवास**

बर्दिवास नगरपालिकाका मेयर प्रहलाद कुमार क्षेत्रीले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभाबकारी बनाएर लगिने बताएका छन्। मंगलवार महोत्तरीको बर्दिवासमा नगरपालिकाले आयोजना गरेको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानिय सरोकारवालाहरुसंको अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले नगरभित्र श्रमसंग जोडिएको बिभिन्न समस्याको बिषयमा नगरले बजेट बिनियोजन गरेर संघिय सरकारसंग सहकार्य गर्न अघि बढेको जनाए ।

उनले नगरमा भएको बेरोजगारी समस्या हल गर्न बिकास निर्माणका कामसंग श्रमिकलाई जोडदै लगिने आश्वस्त पारे ।

मेयर क्षेत्रीले अहिले नगरको केहि वडामा मात्रै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभाबकारी बनाउन नसकिएपनि त्यसलाई नगरका सम्पूर्ण वडामा प्रभाबकारी बनाउँदै लगिने उल्लेख गरे ।

उनले नेपालीहरु श्रम गर्न बिदेश जाने संख्या दिन प्रतिदिन बढदै गएको हुनाले बैदेशिक रोजगारीको क्रममा भै परि आउने घटना,दुर्घटना तथा मृत्यु जस्ता बिपदमा नागरिकले गम्भिर सास्ती नपाउन भनेर नगरले तथ्याÃ संकलन गरि एको जनाए । रोजगारीको क्रममा त्यस्ता समस्यामा पर `कालाई नगरले आवश्यक सहयोग तथा सहकार्य गर्ने प्रमुखले जिकिर गरे ।




बर्दिवास नगरपालिकाको १४ वटै वडाका अध्यक्ष, सदस्य कार्यपालिका सदस्य सहभागी रहेको कार्यक्रममा रोजगारीको हक,रोजगारीको छनौट, कार्यक्रमको आवश्यकता र औचित्य,निवाह भक्ता पाउने अवस्था,युवा रोजगारीकालागी रुपान्तरण कार्यक्रम,रोजगारीको समय तालिका,बेरोजगार सहायता ,सरोकारवालाको भुमिका ,वड कार्यालयको भुमिका, बेरोजगारको पहिचान ,आबेदन भर्ने प्रक्रिया, दुर्घटना बिमा लगातयका बिषयमा अन्तरक्रिया तथा अभिमुखिकरण गरिएको थियो ।

## विपन्न विद्यार्थीलाई छात्रवृति सहित स्नातक तहको शिक्षा लिने सुवर्ण अवसर

पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान बर्दिवास १ द्धारा गरिने छात्रवृति लागि वर्दिवास नगरपालिका भित्र स्थायी बसोबास गर्ने तपसीलका संस्थामा तपसील विषय अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्र छात्राले आफूले अध्ययन गर्ने शैक्षिक संस्था वा होटल विनायक प्रा.ली.को अफिसमा गई तत्काल फाराम भरि बुझाउनु हुन सम्बन्धीत सबैमा यो सुचना गरिएको छ।

**तपसील**

**श्री बर्दिवास जनता बहुमुखी क्याम्पस , विनायक होटल**

**सिट संख्या : २ जना (स्नातक तह)**

**फारम भर्ने अन्तिम मिति : २०८० फागुन ३० गते सम्म**

**सम्पर्क नं. : ९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५**

**श्री पदम समसेर खड्का स्मृति प्रतिष्ठान**


वर्दिवास, महोत्तरी

सम्पर्क नं.:९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५










खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा